**यस गरिमामय १३औं नगरसभाका उपाध्यक्षज्यू , नगरसभाका सचिवज्यू, अथितिज्यूहरु, नगर सभाका सदस्य ज्यूहरु, नगरपालिका कार्यालयका सम्पूर्ण शाखा प्रमुख एवं. राष्ट्र सेवक कर्मचारी ज्यूहरु, सुरक्षा निकायका प्रमुख तथा प्रतिनिधि ज्यू , गैर सरकारी संस्था तथा साझेदार संस्थाका प्रतिनिधी र पत्रकार साथीहरु,**

१) स्वर्गद्वारी नगरपालिकाको आर्थिक वर्ष **२०८०/०८१** को नीति तथा कार्यक्रम यस गरिमामय नगर सभाको बैठकमा प्रस्तुत गर्न पाउदा मलाई अत्यन्त खुशी लागेको छ । यस गौरवपूर्ण क्षणमा संघीय लोकतान्त्रिक गणतन्त्र सम्मको राजनीतीक आन्दोलनमा राष्ट्र र जनताको हितका लागि आफ्नो अमूल्य जीवन अर्पण गर्नुहुने सम्पूर्ण ज्ञात अज्ञात वीर शहिदहरुप्रति उच्चसम्मानका साथ भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दछु । घाइते योद्धाहरु र बेपत्ता नागरिकहरुप्रति उच्च सम्मान प्रकट गर्दछु । नेपाली समाज रुपान्तरणमा अग्रज राजनैतीक योद्धाहरुले गर्नु भएको कार्यको उच्च मुल्यांकन र सम्झना गर्दछु ।

यस गरिमामय नगरसभाको **१३**औ अधिवेशनमा स्थानिय सरकारको प्रमुखको हैसियतले आ.व. २०८०।०८१ को निति तथा कार्यक्रमहरु प्रस्तुत गरिरहँदा आफुलाई गौरव महसुस गरेको छु । नेपालको संविधानको अनुसूची ८ मा उल्लेखित स्थानीय तहको अधिकार र अनुसूची ९ बमोजिमको साझा अधिकारलाई आत्मसाथ गर्दै नगरपालिकाको योजना तथा कार्यक्रमलाई अगाडी बढाइएको छ । हाम्रो उच्च नैतिकताको धरातलमा सकारात्मक सोच र तत्परताका साथ प्राप्त स्रोत र साधनलाई अधिकतम उपयोग गर्दै जनताका आवश्यकताहरु परिपुर्ति गरि सुन्दर स्वर्गद्वारी नगरपालिका निर्माणमा दृढ संकल्पित छौं । हालका दिनसम्ममा जनताको सबैभन्दा नजिक रहेर कार्य सम्पादन गर्ने निकाय तथा सरकारको रुपमा स्थानीय तहहरु रहेको हुंदा यस्तो संस्था प्रति जनताका धेरै अपेक्षा हुनुलाई स्वभाविक ठानेका छौं र स्थानीय तह गठन र स्थापना गरिनुको मूल मर्म पनि यहि नै हो । उपलब्ध श्रोत साधनको सीमा, त्यसको वितरण र पुनः वितरण, समावेशी विकास र जनताको अधिकतम हितलाई सम्वोधन गर्दै स्थानीय तहमा लोकतान्त्रिक अभ्यासको सुदृढीकरण गर्नु, सामाजिक शसक्तिकरण र समावेशीकरण मार्फत वञ्चितिकरणमा रहेका वर्गको मूलप्रवाहीकरण गर्नु, स्थानीय स्तरमा

रोजगारीका अवसरहरुमा वृद्धि गरी युवा जनशक्तिलाई स्वरोजगार तर्फ उन्मुख गराउनु, निर्वाहमुखी कृषि प्रणालीलाई व्यवसायीकरण तथा आधुनिकिकरण गर्नु, उपलब्ध स्रोत साधनलाई उत्पादनशिल क्षेत्रमा प्रवाहित गर्नु, स्थानीय स्तरमा सुशासन प्रवर्द्धन गर्नु, जस्ता विषयहरु हाम्रा आजका चुनौतीहरु रहेका छन् भने व्यापक जनसहभागिता, स्थानीय तह प्रति नगरवासीहरुको ऐक्यवद्धता, उत्साह, चिन्ता र चासो, स्थानीय स्तरमा राजनीतिक सहभागीता, सहकार्य राजनैतिक दलहरुको सुझबुझपूर्ण समझदारी तथा विभिन्न सरकारी तथा गैर सरकारी संघ सस्थाहरुको सहयोग, समन्वय र सहकार्य हाम्रा लागि अवसरहरु रहेका छन् । तसर्थ, अवसरहरुको उपयोग मार्फत चुनौतीहरुको सामना गर्ने दिशामा हाम्रो ध्यान जान जरुरी छ र यसका लागि नगरपालिकाले आगामी दिनहरुमा समेत यस्ता अवसरहरुको निरन्तरताको अपेक्षा गरेको छ ।

मुलुक अहिले संघीय संरचना अन्तर्गत केन्द्र, प्रदेश र स्थानीय तहको संरचनामा उभिएको अवस्था नेपाली जनताद्धारा लेखिएको नेपालको संविधानले स्पष्ट गरेको र संविधानले नै स्थानीय सरकारको परिकल्पना गरि सोको अधिकारको सूची पनि तय गरिसकेको छ। संघीय संरचना र स्थानीय तहको कार्यान्वयन संगै हाम्रा क्रियाकलाप पनि सोहि बमोजिम संचालन गरिनुपर्ने व्यहोरा सर्बविदितै छ । यस नगरपालिकाको नगरसभाको १३औं अधिवेशन समक्ष चालु आ.ब. २०७९/०८० का लागि तर्जुमा गरिएको नीति तथा कार्यक्रमहरुको हाल सम्मको प्रगती प्रतिवेदन सहित आ.ब.२०८०/०८१ को निति तथा कार्य्रक्रमहरु प्रस्तुत गर्न पाउँदा म लगायत सिंगो स्वर्गद्वारी नगरपालिका परिवारलाई गौरव महसुस भईरहेको छ ।

नीतिगत निर्णय र विकास निर्माणको सन्र्दभमा सृजित कठिन चुनौतिहरु सहजरुपमा व्यवस्थापन गर्न सबै क्षेत्रबाट प्राप्त भएको सहयोग, सहकार्य एंव समन्वय यस स्वर्गद्वारी नगरपालिकाको समृद्दी र विकासको लागि अपरिहार्य भएको व्यहोरा यस सम्मानीत सभा समक्ष सगर्व स्मरण गराउन चाहन्छु ।

नगर क्षेत्रको रुपमा रहेको यस स्वर्गद्वारी नगरपालिकामा ब्यापार, उद्योग, कलकारखाना, प्राकृतिक श्रोत तथा सामाजिक महत्वका क्षेत्रहरु तथा धार्मिक क्षेत्र श्री स्वर्गद्वारी आश्रम रहेका छन् । आर्थिक, सामाजिक तथा पर्यटकीय

विकासका प्रचुर सम्भावनाहरु बोकेको यो नगर तथा आसपासका क्षेत्रहरुमा बढ्दै गइरहेको बसोबासले सडक, खानेपानी, विद्युत, शिक्षा, स्वास्थ्य जस्ता शहरी सुविधाहरुको मागमा बढोत्तरी हुंदै गएको छ भने अर्को तिर अत्यावश्यक र आधारभूत शहरी सेवाहरु (सरसफाई व्यवस्थापन, सडक बत्ती,आर सिसि ढलान, पक्की नाला सहितको वाटो निर्माण, कालोपत्रे आदि) को केहि अत्यावस्यक स्थानहरुमा सुविधा उपलब्ध गराइएको छ। नगरपालिकाको तिब्र विकासको लागि नीतिगत सुधार, सम्पूर्ण व्यवस्थापकीय क्षमता विकास, विकास साझेदारहरुको पहिचान र सहकार्यका माध्यमबाट दीर्घकालीन सोचका साथ हाम्रा योजना तथा कार्यक्रमहरु परिलक्षित हुनुपर्ने बेला आइसकेको तथ्य पनि यस अवसरमा अनुरोध गर्न चाहन्छु।
सेवाग्राहीले सरल र सहज तरिकाले सेवा प्राप्त गर्ने हकलाई सुनिश्चित गर्न सूचना र प्रविधिको उच्चतम प्रयोग गर्न अनिवार्य छ। आन्तरिक सुशासन र सवल प्रशासनको विकासबाट हामीले अख्तियार गरेको नीति तथा कार्यक्रमहरुको प्रभावकारी कार्यान्वयन हुने भएकाले यो नीति तथा कार्यक्रम त्यसतर्फ नै निर्देशित रहेको छ। जनतासंग प्रत्यक्ष सम्बन्ध र सम्पर्क रहने वडा कार्यालयहरुको क्षमता विकास, श्रोत साधनमा वृद्धि र प्रणालीको विकास गर्ने नीति अवलम्बन गर्न प्रस्ताव गरिएको छ। शिक्षा, स्वास्थ्य, रोजगारी, उद्यमशिलता, सामाजिक बिकास, युवा तथा खेलकुद, भौतिक पूर्बाधार विकास, सार्वजनिक यातायात, खानेपानी तथा सरसफाई, विपद ब्यवस्थापन, न्याय निरुपण, मानब अधिकार प्रबर्धन जस्ता बिषयगत क्षेत्रहरुका लागि बिशेष नीति तथा कार्यक्रम प्रस्ताव गरेकोछु।
आगामी आर्थिक वर्षको लागि प्रस्तावित नीति तथा कार्यक्रमको प्रभाबकारी कार्यान्वयन गर्न आम नगरबासी तथा सबै पेशा, व्यवसायमा आबद्ध महानुभाबहरुको सहयोग, समन्वय र सहकार्य रहने कुरामा विश्वस्त रहेको छु।

## आदरणिय नगरसभा सदस्यज्युहरु,

चालु आ.ब. २०७९/०८० को हाल सम्मको प्रगति विवरण संक्षिप्तमा यस गरिमामय नगर सभामा प्रस्तुत गर्न चाहान्छु।

- आन्तरिक आय १ करोड ८० लाख अनुमान गरिएकोमा हाल सम्म १ करोड ५५ लाख ९७ हजार ८० रुपैयाँ ५२ पैसा संकलन भएको छ। यो कुल अनुमानको ८६.६५ प्रतिशत हुन आउँछ।
- सामाजिक सुरक्षा तर्फमा तेस्रो त्रैमासिक सम्म ९ करोड २२ लाख ८५ हजार १ सय ४८ रुपैया रकम भुक्तानी भइ सकेको छ। जसबाट

१०८०९ जना मानिसहरु लाभान्वीत भएका छन । साथै अन्तिम त्रैमासिकको रकम भुक्तानीको चरणमा रहेको छ ।

➢ घटना दर्ता तर्फ हाल सम्म तपशिल बमोजिम प्रगति प्रतिवेदन प्राप्त हुन आएको छ ।

१) जन्म दर्ता : क) महिला : १९६२ जना ख) पुरुष : २०४५ जना

२) मुत्यू दर्ता : क) महिला : ४५१ जना ख) पुरुष : ५८० जना

३) बसाई सराई : क) जाने : ३२४ परिवार ख) आउने : ८४ परिवार

४) विभाह दर्ता : १३८९ जोडी

५) सम्वन्ध विच्छेद : ४५ जोडी

**गरि कुल जम्मा घटना दर्ता : ६८८०**

➢ प्राविधिक शाखाको प्रतिवेदन अनुसार चा.लु आ.ब.मा नगरपालिका भित्र ढलान सडक ६७५ मिटर, ग्राभेल सडक २२३८ मिटर, नयाँ ट्याक खोल्ने काम २७ हजार ३ सय ७१ मिटर सडक आयोजनाहरुको काम गरिएको छ भने २३८ घरपरिवारलाई स्वच्छ खानेपानीको पहुचमा ल्याइएको छ । २८९२ मिटर । पक्की सिंचाई कुलोको व्यवस्था गरिएको छ । १५ वटा विद्यालय भवन निर्माण गरिएको छ । ४ वटा यात्रु प्रतिक्षालय निर्माण गरिएको छ । ३ वटा मन्दिर भवनहरु निर्माण गरिएको छ । टहरा १ निमार्ण गरिएको छ । कल्भर्ट २ वटा निमार्ण गरिएको छ । झोलुंगेपुल १ निर्माण सम्पन्न भएको छ भने यस वर्ष प्रशासकीय भवनको निमार्ण सम्पन्न भई आफ्नै भवनवाट सेवा प्रवाह भैरहेको छ ।

➢ कृषि विकास शाखा अन्तरगत चा.लु.आ.ब.मा ३५ लाख रुपैया रकम विनियोजन गरिएको मध्ये ८५ प्रतिशत योजना तथा कार्यक्रमहरु सञ्चालन भई सम्पन्न भएका छन भने बाकि कार्यक्रम संचालन भई सम्पन्नको प्रक्रियामा छन ।

➢ लघु उद्यम विकास शाखा अन्तरगत चा.लु.आ.ब.मा शर्शत अनुदान बाहेक २० लाख ४० हजार रुपैया रकम विनियोजन गरिएको मध्ये ५०

प्रतिशत योजना तथा कार्यक्रमहरु सञ्चालन भई सम्पन्न भएका छन । भने शर्शत अनुदानबाट प्राप्त रकम रु ३० लाख मध्ये १०० प्रतिशत योजना तथा कार्यक्रमहरु सञ्चालन भई सम्पन्न भएको छन ।

- आयुर्वेद सेवा शाखा अन्तरगत चा.लु.आ.ब.मा नगरपालिकावाट ८ लाख रुपैया रकम विनियोजन गरिएकोमा ६० प्रतिशत योजना तथा कार्यक्रमहरु सञ्चालन भई सम्पन्न भएका छन भने अरु बाँकी ४० प्रतिशत नगरपालिकामा बजेट अभावका कारण सञ्चालन हुन सकेका छैन्न् ।
- महिला,बालबालिका तथा जेस्ठ नागरिक विकास शाखा अन्तरगत चा.लु. आ.ब.मा ५० लाख रुपैया बजेट विनियोजन गरिएको मध्ये ७५ प्रतिशत योजना तथा कार्यक्रम सम्पन्न भएका छन भने २५ प्रतिशत नगरपालिकामा बजेट अभावका कारण सञ्चालन हुन सकेका छैन्न् ।
- स्वास्थ्य शाखा अन्तरगत चा.लु.आ.ब.मा नगरपालिकावाट १ करोड ४० लाख रुपैया बजेट विनियोजन गरिएको मध्ये ७० प्रतिशत कार्यक्रमहरु सञ्चालन पश्चात सम्पन्न गरिएका छन भने ३० प्रतिशत नगरपालिकामा बजेट अभावका कारण सञ्चालन हुन सकेका छैन्न् ।
- प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गत चालु आ.ब. मा जम्मा ९ ओटा आयोजनाहरु मध्ये ८ वटा योजना तथा कार्यक्रमहरु सम्पन्न भई सकेका छन भने १ योजना सम्पन्न हुने अन्तिम चरणमा छ । जसवाट यस नगरपालिकाका अन्तर्गतका ८१ जना वेरोजगारी व्यक्तिहरुले प्रति व्यक्ति १०० दिन र कुल जम्मा ८ हजार १ सय दिन बरारवरको रोजगारी प्राप्त गरेका छन भने आगामी आर्थिक वर्षमा ४९५ जना बेरोजगारी व्यक्तिहरु सुचिकृत भएका छन । र चालु आर्थिक वर्षमा यस नगरपालिकाको रोजगार रणनिति निर्माण गर्ने कार्य गर्न सबै वडाहरुवाट आवश्यक तथ्यांकहरु संकलन गरिको छ । चालु आर्थिक वर्षमा प्रधानमन्त्री रोजगार कार्यक्रम मार्फत ६ हजार १५ मिटर नाला निर्माण, ७ हजार ८ सय ४० मिटर गोरेटो बाटो निर्माण र २८ वटा विपन्न नागरिकहरुको घरमा टिन लगाउने कार्य गरिएको छ ।

- मुख्यमन्त्री शैक्षिक सुधार कार्यक्रम अन्तरगतका योजना तथा कार्यक्रमहरु सबै सञ्चालन गरि सम्पन्न हुने प्रकृयामा छन सोको हाल ८० प्रतिशत प्रगति रहेको छ ।
- बहुक्षेत्रिय पोषण कार्यक्रम अन्तरगत संघिय सरकारवाट प्राप्त रु १६ लाख रकम मध्ये १०० प्रतिशतमा हुन आउने रकमबाट योजना तथा कार्यक्रमहरु सञ्चालन भई सम्पन्न भएका छन ।
- कषि शाखा अन्तरगत चा.लु.आ.ब.मा ३५ लाख रुपैया रकम विनियोजन गरिएको मध्ये ८५ प्रतिशत कार्य प्रगती भईसकको छ ।
- पशु सेवा शाखा अन्तरगत चा.लु.आ.ब.मा ३५ लाख रुपैया रकम विनियोजन गरिएको मध्ये ८५ प्रतिशत योजना तथा कार्यक्रमहरु सञ्चालन भई सम्पन्न भएका छन भने बाकि कार्यक्रम संचालन भई सम्पन्नको प्रक्रियामा छन ।
- शिक्षा शाखा अन्तरगत चा.लु.आ.ब.मा नगरपालिकावाट ३ करोड रुपैया रकम विनियोजन गरिएकोमा सबै योजना तथा कार्यक्रमहरु सबै सञ्चालन गरि सम्पन्न प्रक्रियामा रहेका छन ।

जनताले आफ्नो आवश्यकतालाई सम्वोधन गर्ने योजनाहरु सहभागितात्मक योजना तर्जुमाका माध्यमवाट आफ्नै सहभागितामा छनौट गरी कार्यपालिकामा गहन छलफल गरी सहभागितामूलक योजना तर्जुमा प्रक्रियाका विभिन्न चरणहरु पार गरी तयार पारिएको आगामी आर्थिक वर्ष ०८०/०८१ को वार्षिक नगर विकास योजनाको प्रस्तावित नीती तथा कार्यक्रम विवरण सहित आज हामी यहाँहरु सामु उपस्थित भएका छौ ।

नगरपालिकाको मध्य भागमा भालुवाङ-रोल्पा सडक ०रहेको, सुन्दर माण्डवी नदी, पर्यटन, कृषि तथा उद्योगको पर्याप्त सम्भावना रहेको, स्वर्गद्वारी आश्रम, धार्मिक सांस्कृतिक पहिचान बोकेको, प्राकृतिक श्रोत र साधनको प्रचुरता भएको एवं स्थानीय कृषिउत्पादनको बजारीकरण गर्न सकिने आधार भएकोले विकासका लागी पर्याप्त सम्भावना भएको नगरको रुपमा रहेको छ । विगतका नीति, योजना तथा कार्यक्रमको कार्यान्वयनबाट आर्थिक, सामाजिक र भौतिक पूर्वाधार विकासमा केही उपलव्धीहरु भएका छन् । त्यस्ता उपलब्धीहरुलाई दीगो र संस्थागत गरी दीर्घकालीन सोचका साथ योजना तथा कार्यक्रम

बनाउन आवश्यक देखिन्छ। विकासको स्वामित्वबोध नहुनु, वर्षै पिछे योजना कार्यक्रमहरुको प्राथमिकताक्रम बदल्ने, दिगो विकास प्रति उदासिनता, गैर योजनामा नयाँ ट्र्याक खोल्ने प्रवृत्ति, युवा श्रमशक्तिको विदेश पलायन, कृषिलाई व्यवसायिकरण नगरिनु, लघु, घरेलु तथा साना उद्योग ओझेलमा पर्नु, कृषी पेशालाई गौरवान्वीत पेशाको रुपमा स्वीकार नगरिनु, उत्पादन मूलक भूमिको खण्डिकरण, आवास तथा भूमिको बैज्ञानिक ढंगले उपयोग गर्न नसक्नु, सडक गुरुयोजना नबन्नु, प्राकृतिक श्रोत साधनको बैज्ञानिक उपयोग गर्न नसक्नु, शिक्षा र स्वास्थ्यमा पर्याप्त लगानी हुन नसक्नु, प्राप्त बजेटलाई ठुला आयोजना निर्माणका लागि तादाम्यता मिलाउन नसक्नु जस्ता समस्या तथा चुनौतीहरु हाम्रो सामु विद्यमान छन् ।

विकास र सेवा प्रवाहलाई निश्पक्ष र पारदर्शी तवरबाट नागरिक सामु पुर्‍याई स्थानीय सुशासनको प्रत्याभूती गराउन नगरपालिकाको भूमिका महत्वपूर्ण हुन्छ । नयाँ परिप्रेक्ष्यमा नागरिकका चाहनाहरुलाई परिपूर्ति गर्दै समृद्ध स्वर्गद्धारी नगर निर्माणमा हामी सवैको जोड रहनेछ। हामी सवैले चाहेको समुन्नत स्वर्गद्धारी नगर निर्माण गर्नका लागि नगरपालिकाले निम्नानुसारका दिर्घकालिन नीति र योजनाका साथ अगाडी वढ्ने लक्ष्य लिएको सम्मानित नगर सभा समक्ष राख्न चाहन्छु।

यसै सन्दर्भमा हाम्रो नगरपालिकाले आगामी दिनमा अख्तियार गर्ने विभिन्न विषयगत क्षेत्रका क्षेत्रगत नीतिहरु यस प्रकार छन् ।

## आर्थिक बिकास क्षेत्र

१.कृषिमा विविधिकरण एवं ब्यबसायिकरणमा जोड दिइने छ।

२.भौगोलीक सम्भाब्यता र निर्मित पुर्वाधारहरुलाई मध्यनजर गरी तुलनात्मक लाभप्रद बाली उत्पादनमा जोड दिइने छ।

३. बढ्दो खाद्यान्न आयतलाई मध्यनजर गरी सिंचीत एव् अन्य क्षेत्रमा बाली सघनतामा जोड दिइने छ।

४. नगरपालीका भित्र रहेका कृषिसँग सम्बद्ध निकायहरुसँग समन्वयात्मक रुपमा कृषि कार्यक्रमहरु संचालन गरिने छ ।

५. स्वर्गद्वारी नगरपालिकालाई तरकारी बालीमा आत्मनिर्भर बनाउन **तरकारी खेति उप क्षेत्रगत योजना कार्यान्वन गर्न उप क्षेत्रगत योजना अनुसार** **कार्यक्रम** संचालन गरीने छ ।
६. निर्यातयोग्य एवं उच्च मूल्यवाली कृषि उपजहरुको उत्पादन तथा बजार प्रबर्द्धन कार्यक्रममा जोड दिईने छ ।
७.कृषि बिकासको मुल प्रवाहमा महिला , दलित तथा विपन्न वर्गको पहुँच बढाईने छ ।
८. नगर भित्र एक वडा एक उत्पादन कार्यक्रम संचालनार्थ आवश्यक कार्यक्रम संचालन गरिने छ ।
९.युवा जनशक्ति लाई ब्यबसायिक कृषि तथा पशुपालनमा आर्कषण गर्न युवालक्षित कार्यक्रम संचालन गरिने छ ।
१०. नगर क्षेत्र भित्र रहेका सहकारीहरुको क्षमता बिकास गरी उद्देश्य अनुरुप संचालनमा जोड दिइने छ ।
११. सहकारी, बैङ्क तथा वित्तिय क्षेत्र मार्फत लगानी हुने कृषि कर्जा लाई सरलरुपमा कृषक माझ पुऱ्याउन विशेष कार्यक्रम संचालनमा जोडिने छ ।
१२. कृषिउपज तथा पशुपंक्षीहरुमा प्राकृतिक प्रकोपबाट हुने क्षती न्युनिकरण गर्न तथा कृषकको लगानीलाई सुनिश्चित गर्न कृषि तथा पशुविमा कार्यक्रमहरु सम्बन्धित निकायहरु सँग समन्वय गरी संचालन गरिनुका साथै विमामा लाग्ने प्रिमियम शुल्कमा नेपाल सरकारले ८० प्रतिशत छुट गरी लागेको रकममा यस नगरपालिकाबाट ५० प्रतिशत थप अनुदानको व्यवस्था गरिनेछ ।
१४. स्थानीय स्तरमा मौसम अनुसार आवश्यक पर्ने गुणस्तरयुक्त बीउ बिजन, बोटबिरुवा र श्रोत सामाग्रीहरुको दिगो आपुर्तिको ब्यबस्थामा जोड दिइने छ । उन्नत जातका विउ र विरुवाहरु वितरण गरि कृषि उत्पादनलाई दोब्बर बनाउने रणनीति अख्तियार गरिने छ ।
१५. कृषि उत्पादन तथा उत्पादकत्वमा परिमाणत्मक एवं गुणत्मक बृद्धीका लागी आवश्यक पर्ने कृषि उत्पादन सामाग्री तथा सेवामा कृषकहरुको पहुच बढाई सक्षम बनाउन पहल गरिने छ ।
१६. बढ्दो बेरोजगारीलाई लक्षीत गर्दै बिबिध क्षेत्रमा स्वरोजगारका अवसरहरु सिर्जनागर्नका लागी स्वरोजगारमुलक तालीम संचालन गरीने छ ।

१७. पछाडी पारिएका महिला दिदी बहिनीहरुका लागि उद्यम ब्यबसाय तालीम प्रदान गरी उद्यम ब्यबसाय  मार्फत आर्थिक रुपमा सवल तथा सक्षम बनाईने छ । साथै सामाजीक, शैक्षिक तथा सांस्कृतिक सशक्तिकरण गर्दै नगरको आर्थिक तथा समग्र बिकासमा महिला दिदीबहिनीहरुको सहभागीता गराउन प्रोत्साहन गरीने छ ।

१८. कृषि उपजलाई व्यवस्थित गर्न निश्चित क्षेत्र तोकी कृषिजन्य थोक बजार, खुद्रा बजार, फलफूल व्यवसायलाई व्यवस्थित गर्न निरन्तरता दिनुका साथै ग्रामीण वडाहरुमा संकलन केन्द्र एवं बजार केन्द्र सञ्चालनका लागि प्रयास गरिने छ ।

१९ कृषि क्षेत्रमा कृषकहरुको पहुच तथा समान रुपले प्रत्येक वार्डमा सेवा प्रवाह गर्न प्रत्येक वडामा कृषि प्राबिधिकको व्यवस्था गरिने छ ।

२० कृषि क्षेत्रको उत्पादन तथा उत्पादकत्व बढाउन प्रत्येक वडा मा नमुना कृषक समुह / व्यवसायिक कृषक  तयार गरि कार्यक्रमहरु अगाडी बढाइनेछ ।

२१) यस नगरपालिकाको केन्द्रविन्दु भिंगृमा साप्ताहिक रुपमा कृषि पशु उपज तथा अन्य उत्पादनहरुको व्यापारी करणको लागि हाट बजार आगामी आ.ब. देखि सञ्चालनमा लिइने छ ।

२२) कृषकहरुको व्यवसायिक सुरक्षाको लागि कृषि उपजहरुको न्यूनतम समर्थन मुल्य तोकी घाटा मुल्य नगरपालिकाले प्रदान गरिने छ ।

२३) एक वडा एक पशु सेवा प्राविधिकको व्यवस्था गरि पशु स्वास्थ्य सेवामा सुधार गरिनेछ ।

२४) पशु विमा कार्यक्रम लागु गरि व्यवसायिक सुरक्षा प्रदान गरिने छ ।

२५) यस पालिकामा विद्यमान दुधको अभावलाई मध्यनजर गरि आयातित दुध जन्य पदार्थ प्रतिस्थापन गर्न व्यवसायिक भैसी पालनका लागि व्यवसायिक पशुपालक समुहहरु निर्माण गरि अनुदानको व्यवस्था गरिने छ ।

२६) बाख्रा पालनबाट मासुमा आत्मनिर्भर पालिका घोषणाका लागि तथ्यांक संकलन र आवश्यक अध्ययन गरिने छ ।

२७. बढ्दो दुध तथा मासुजन्य उत्पादनहरुको मागलाई सहज आपुर्तिको वातावरण बनाउन नगर क्षेत्र भित्र पशुपालन तथा बंगुर, पाडा, बाख्रा तथा

कुखुरा पालन ब्यबसायलाई प्रोत्साहान गरिने छ, साथै आधुनिक बधशालाको निर्माणको कार्य अघि बढाईने छ ।

२८. दुध तथा दुधजन्य पर्दाथको उत्पादन बढाउनका लागी कृत्रीम गर्भाधान लगायतका उन्नत नश्ल सुधारका कार्यक्रमहरु संचालन गरीनुका साथै निशुल्क कृतिम गर्भाधान सेवा प्रदान गरिनेछ ।

२९. नगरपालीकालाई अण्डामा आत्मनिर्भर बनाउन लेयर्स कुखुरापालन ब्यबसायलाई विशेष प्रोत्साहान गरिनेछ ।

३०. पशुपक्षीं लगायतका खाद्यबस्तुहरुको  आयत प्रतिस्थापनका लागी बिशेष कार्यक्रम संचालन गरिनेछ ।

३१ यस नगरपालिका क्षेत्रमा पशुहरुमा (प्राय बाख्रा/पाठापाठी) सामुदायिक कुकुरहरुको टोकाईको समस्या बढ्दो रुपमा रहेको र साथै नेपाल सरकारको सन २०३० सम्ममा कुकुरको टोकाईबाट हुने रेबिज रोग अन्त्य गर्ने लक्ष्य लिएको हुदा सो अनुरुप सामुदायिक कुकुरहरुको समस्या न्यूनीकरण र रेबिज रोगको अन्त्यको लागि सामुदायिक र घर पालुवा कुकुरहरुमा रेबिज रोग बिरुद्द निशुल्क खोप अभियान र बन्ध्याकरण (स्पेइङ) कार्यक्रम संचालन गरिने छ ।

३२) डाले घाँस तथा भुई घाँसहरुको विउ विजन प्रयाप्त रुपमा वितरण गरि पशुपालनलाई सहज बनाइने छ ।

३३. नगर क्षेत्रमा रहेका प्राकृतिक ऐतिहासीक क्षेत्रको पहिचान गरी पर्यटन पवर्द्वन गदै आर्थिक बिकासमा जोड दिईने छ । श्री स्वर्गद्धारी आश्रम, सारीको **प्राकृतिक भूवनोट**, मालुङ्गखोलामा रहेको **चिल्ड्रन पार्क**, सिम्लेको **सुकसुके शिलापार्क**, बर्जिबाङ्गको **शान्तिपार्क**लाई नगरकै प्रमुख पर्यटकीय गन्तव्यको रुपमा विकास गरिनेछ ।

२९. समग्र नगरको पर्यटन बिकासका लागि बिषयगत मन्त्रालयहरु सँग समन्वय गरी कार्यक्रमहरु संचालन गरीने छ ।

३०. नगर क्षेत्रममा रहेको प्राकृतिक श्रोत साधनहरुको वातावरणीय प्रभाव परीक्षण (IEE )गरी नदी तथा नदीजन्य उत्पादनहरुको उत्खनन् तथा ब्यबस्थापन गरीने छ ।

३१. नगरपालीका भित्र रहेका ऐलानी, प्रति र सावर्जनीक जग्गाहरुमा मझौला तथा ठुला उद्योगहरुको स्थापनार्थ सो क्षेत्रको सम्भाबना तथा Feasibility Study को कार्यलाई अगाडी बढाउन संघिय सरकार सँग समन्वय गरीने छ ।

३२. बढ्दो जग्गा प्लटिङ्ग कार्यलाई निरुत्साहीत गर्दै खेतीयोग्य जग्गा बाझो राख्ने कार्यलाई रोक्न आवश्यक कानूनहरु निमार्ण गरीने छ ।

३३. नगरक्षेत्रभित्र सहकारी खेती प्रणालीलाई प्रोत्साहान गर्न बिशेष कार्यक्रमहरु संचालन गरीने छ ।

३४. नगरपालिका भित्रका पशु पंक्षि पालक कृषकहरुको पशु पंक्षि रोग निदान तथा उपचार सेवालाई सबल र विशिष्टकृत गर्न पशुसेवा शाखाको भेटनरी ल्यावलाई स्तर उन्नती गर्दै लगिनेछ ।

३५. प्राकृतिक श्रोत साधन जैविक विविधताको संरक्षण सर्म्बद्धन एवं सदुपयोगका लागी दिगो तथा वाताबरण मैत्रि कृषि कार्यक्रमहरु संचालनमा जोड दिईने छ ।

३६. नगर क्षेत्रभित्र रहेका सम्पुर्ण उद्योगी ब्यापारीहरुलाई करको दायरामा ल्याई बजार प्रबर्धनात्मक कार्यक्रम संचालन गरीने छ ।

३७. उपभोक्ताहरुलाई आवश्यक पर्ने गुणस्तरीय उपभोगका सामाग्रीहरु सर्वशुलभ मुल्यमा उपलब्ध गराउन बजार अनुगमन तथा गुणस्तर नियन्त्रणका कार्यक्रमहरु लाई प्रभाबकारी रुपमा संचालन गरीने छ ।

३८. नगरपालिका क्षेत्रभित्र लघु उद्यम विकास कार्यक्रमलाई निरन्तरता प्रदान गरिने छ ।

३९. नगरपालिका क्षेत्र भित्र बहुक्षत्रिय पोषण कार्यक्रमलाई निरन्तरता प्रदान गरिने छ ।

४० सहुलियत कर्जालाइ थप व्यवस्थित गरिदै लगिने छ ।

४१. संघ र प्रदेश संग म्याचीङ फण्ड तर्फ विभिन्न कार्यक्रमहरु संचालन गरिने छ ।

४२. लोकल मदिरालाई ब्राण्डीङ्ग गर्नका लागि आवस्यक अध्ययनको कार्य अगाडी बढाइने छ ।

४३.स्थानीय आर्थिक विकास लाई गति प्रदान गर्न स्थानीय उपजहरु अँदुवा, वेसार , टिमुर, मह, तेजपात आदी उपजहरुको उत्पादनमा बृद्धि गरि कोशेली घर मार्फत विक्रि गरिने छ ।

४४. स्थानीय उत्पादन लाई प्रर्बधन गर्न उत्पादनमा आधारित अनुदान दिने व्यवस्था गरिनेछ ।

**प्रधानमन्त्री रोजगार कार्यक्रम**

१. यस पालिकामा सुचिकृत भएका बेरोजगार व्यक्तिहरुलाई न्युनतम रोजगारी प्रदान गरि सार्वजनिक पुर्वाधारको विकास निर्माण संगै सामाजिक संरक्षणको प्रत्याभूति गराईनेछ ।

२. यस पालिकाले सञ्चालन गर्ने योजना तथा आयोजनाहरुमा आवश्यक श्रमिकहरु पूर्ति गर्दा रोजगार सेवा केन्द्रमा सुचिकृत बेरोजगार व्यक्तिहरुलाई पहिलो प्राथमिकता दिईनेछ ।

३. नगरपालिका तथा वडागत आयोजनाहरु प्रधानमंन्त्री रोजगार कार्यक्रम संग साझेदारी गरि सञ्चालन गरिनेछ ।

४. नगरपालिका अन्तर्गत सुचिकृत बेरोजगार व्यक्तिहरुलाई स्वरोजगार बनाउन तथा सिपयुक्त बनाउन सिपमुलक तालिम दिई सोही प्रकारका काममा **On the Job Training** को व्यवस्था गरिनेछ ।

**५)** स्वर्गद्वारी नगरपालिकाको बेरोजगार व्यक्तिहरुको पहिचान, बैदेशिक रोजगारीमा संलग्न सिपयुक्त जनशक्तीलाई पालिकामै रोजगारी प्रदान गर्न तथा स्वरोजगार प्रवद्धन गर्न पालिकाको पञ्चवर्षिय रोजगार रणनिति तयार गर्ने कार्यलाई पुर्णता दिइने छ ।

६) बैदेशिक रोजगारीलाई मर्यादित बनाउन र यस पालिकाका श्रमिकहरुलाई मौसमी कामदारका रुपमा पठाउन विभिन्न बैदेशिक सहरहरुसंग भगिनि संवन्ध कायम गर्न प्रयास गरिने छ ।

७) नगरस्तरमा रहेका रोजगारका अवशरहरु पहिचान गरि स्थानिय वेरोजगारी व्यक्तिहरुलाई रोजगार प्रदान गर्न नगरस्तरीय रोजगार संवाद मञ्च गठन गरिने छ ।

८) श्रम स्विकृत तथा पुनः श्रम स्विकृतका आवेदनहरुलाई सरल सुलभ तथा व्यवस्थित सहजिकरण सेवा प्रदान गर्न रोजगार सेवा केन्द्रलाई सदृदिकरण गर्नुका साथ साथै वैदेशिक रोजगारका अवशरहरु प्राप्त गर्न सहजिकरण गर्ने व्यवस्था मिलाइने छ ।

९) प्रधानमन्त्री रोजगार कार्यक्रमसंग साझेदारी गर्ने गरि **उत्पादनमा आधारित स्थानीय रोजगार कार्यक्रम** सञ्चालन गरिने छ ।

## संस्कृति सम्पदा, ललितकला, पर्यटन

- नगर क्षेत्रभित्रका पर्यटकीय एवं धार्मिक क्षेत्रलाई व्यापक प्रचार प्रसार गरी आन्तरीक तथा बाह्य पर्यटकलाई आकर्षण गरिनेछ ।
- स्वर्गद्धारी आश्रमलाई प्रमुख पर्यटकीय एवं धार्मीक क्षेत्र मानि त्यस आसपासका क्षेत्रहरुको समेत पहिचान गरि पर्यटकीय गन्तव्यको रुपमा विकास गरिने छ ।

- पर्यटन व्यवसायलाई व्यवस्थित र व्यावसायिक वनाउन स्वर्गद्वारी केवलकार संचालनको लागि विभिन्न पर्यटन व्यवसायी एवं नीजि क्षेत्रको लगानी मैत्री वातावरण तयार गरिने छ ।
- ग्रामीण क्षेत्रलाई होमस्टे संचालन गर्न विशेष प्रोत्साहन गरिनेछ ।
- परम्परागत भाषा संस्कृति र भेषभुषा पर्वको संरक्षण गर्न आवश्यक कार्यक्रम संचालन गरिनेछ ।
- पर्यटन पूर्वाधार विकासमा जोड दिई स्वर्गद्वारी नगरपालिकालाई महत्वपूर्ण पर्यटकीय गन्तव्यको रुपमा विकास गरिनेछ ।
- माण्डवी नदीमा र्‍याप्टिङ्ग संचालनको लागि संघीय सरकार, प्रदेस सरकार तथा विभिन्न पर्यटन व्यवसायिहरुसँगको समन्वय कार्य अगाडी वढाइने छ ।
- धनबाङको होमस्टेलाई पर्यटकिय रुपमा थप प्रवर्द्धन गरिनेछ भने पालिकाको अन्य स्थानहरुमा पनी होमस्टे स्थापना गर्दै लगिनेछ ।
- सारीको भु-वनोट, बर्जिवाङ्ग दहचौंरको शान्ति पार्क , जिमुरपाटाको सूचना प्रविधीयूक्त पार्क र भिंगृको चिल्ड्रेन पार्कलाई पर्यटकिय रुपमा प्रवर्द्धन गरिनेछ ।
- स्वर्गद्वारी महाप्रभुले होंम गरेको स्वर्गद्वारी नगरपालिका वडा नं ५ स्थित साउनेपानी क्षेत्रलाइ पर्यटकीय क्षेत्रको रुपमा प्रवर्द्धन गरिनेछ ।
- स्वर्गद्वारी गेट देखि मन्दिर सम्म दायावाँया पुष्प रोपण गरि आकर्षक र मनमोहक वनाइने छ ।

## सामाजिक विकास क्षेत्र
## शिक्षा

- स्वर्गद्वारी नगरपालिकालाई आगामी ५ बर्ष भित्रमा निशुल्क शिक्षा नगरपालिका घोषणा गर्ने गरि आगामी आ.व मा आधारभुत बिद्यालयलाइ निशुल्क गर्नको लागि आवश्यक तयारी एव प्रक्रिया सुरु गरिने छ ।

- वालवालिकाको समग्र विकासका लागि सूचना प्रबिधिमा आधारित शिक्षा एक वडा (बालबिकास केन्द्र) एक स्मार्ट टि.भी को नीतिलाई अवलम्बन गरिने छ ।
- विद्यालयको शैक्षिक गुणस्तर बृद्धि गर्न प्रत्येक वडाबाट माध्यामिक तहका विद्यालयका प्र अ संग निश्चित मापदण्ड र सुचक बनाई कार्यसम्पादन सम्झौता गरिनेछ । कार्य सम्पादनमा राम्रो नतिजा ल्याउने विद्यालय तथा शिक्षकलाई पुरस्कृत गर्ने नीति अवलम्वन गरिनेछ ।
- नगरस्तरीय पुस्तकालय स्थापना गरिनेछ । क्रमश: प्रत्येक वडामा १/१ वटा पुस्तकालय स्थापना गर्दै लगिनेछ ।
- पालिका भित्रको प्राविधिक शिक्षालयलाई थप व्यवस्थित गरिनेछ ।
- विभिन्न विद्यालयहरुमा आइ.सि.टी.ल्याबको व्यवस्था गरिनेछ ।
- जेहेन्दार र गरिब विद्यार्थीलाई छात्रबृति प्रदान गरिनेछ । दुर्गमका जेहेन्दार विद्यार्थीलाई नमुना विद्यालयमा आवासिय अध्ययन गराउने व्यवस्था गरिने छ ।
- विद्यार्थी शिक्षक अनुपात मिलाउदै शिक्षक दरबन्दी मिलान गरिनेछ ।
- विद्यालयको शैक्षिक गुणस्तर तथा शैक्षिक पूर्वाधार विकासमा जोड दिइनेछ ।
- सबै विद्यालयमा शुद्ध पिउने पानीको उचित व्यवस्था मिलाइनेछ ।
- विद्यार्थीको सिकाई उपलब्धी परिक्षणका आवश्यक मापदण्ड तयार गरी कार्यान्वयनमा ल्याइनेछ । साथै शिक्षकहरुको क्षमता बिकासको लागि क्षमता बिकास तालिम सचालन गरिने छ ।
- आवश्यकता अनुसार नया बाल बिकास केन्द्रको स्थापना गरिने छ ।
- कम भौंगोलिक दुरी भएका विद्यार्थि संख्या न्युन रहेका विद्यालयहरुलाई मर्ज गरि आवश्यक स्थानमा जनशक्ती पुरा गरिने छ ।
- विद्यार्थि संख्या न्युन रहेका विद्यालयहरुमा बहु कक्षा शिक्षणबाट पठनपाठनको व्यवस्था मिलाइने छ ।

- नेपाल सरकारले निःशुल्क शिक्षा भनेता पनि आर्थिक स्रोतको अभावमा शुल्क उठाउन बाध्य भएका विद्यालयहरुलाई निःशुल्क शिक्षा सुनिश्चतताका लागि सर्त सहितको अनुदानको व्यवस्था गरिने छ ।
- विद्यालयको गुणस्तर सुधार गर्न प्रत्येक विद्यालयहरुमा वर्ष भरिमा कम्तीमा तिन पटक अनुगमन गर्न प्राभावकारी अनुगमन संयन्त्र निर्माण गरिने छ ।
- स्थानिय शैक्षिक पाठ्यक्रम निर्माण गरि लागु गरिने छ ।

# युवा तथा खेलकुद

- खेलकुदले स्वस्थ तथा अनुशासित जनशक्तिको उत्पादन गर्दछ । यहि भावनालाई मध्यनजर गर्दै वडा तथा नगर स्तरमा विभिन्न खेलकुद प्रतियोगिता मार्फत खेलकुद विकासमा जोड दिइनेछ ।
- नगर स्तरीय राष्ट्रपति रनिङशिल्ड खेलकुद प्रतियोगिता गरिने छ ।
- हरेक वर्ष नगरपालिकामा स्वर्गद्धारी मेयर कप खेलकुद प्रतियोगिता सञ्चालन गरि यसलाई संस्थागत ढंगले विकास गरिनेछ ।
- क्रमशः वडास्तरीय खेलकुद मैदान (रंगशाला) निर्माण गरिनेछ । नगर स्तरिय खेलकुद मैदान ( रंगशाला ) को स्तरोउन्नती गरिने छ । विद्यालयमा खेलकुदका अतिरिक्त कृयाकलाप गर्न प्रोत्साहन गरिनेछ ।
- स्वर्गद्धारी खेलकुद मैदान वडा नं. ४ बाभिपुरमा निर्माण भइरहेको खेलकुद मैदान र खेल भवनलाई स्तर उन्नती गरिनेछ ।
- युवा वर्गलाई लक्षित गरी विभिन्न सिपमुलक तालिम संचालन गरी स्वरोजगारको व्यवस्था गरिनेछ ।

- युवाको सकारात्मक सोच, सदाचारिता र रचनात्मकता विकास गरि लागु औंषध दुर्वेशन सामाजिक अपराध न्युनिकरण सम्वन्धी युवा परिचालन कार्यक्रम लागु गरिने छ ।
- नब प्रवर्द्धन कार्य गर्ने युवालाई आर्थिक सहयोग तथा पुरस्कारको व्यवस्था गरिने छ ।

## स्वास्थ्य तथा सरसफाई तर्फ :

- स्वास्थ्य नीति तथा पञ्च बर्षिय रणनीतिक योजना(२०७६-२०८१) मा रहेर जनताको स्वास्थ्य प्रवर्द्धनलाई प्राथमिकता दिइनेछ ।
- खोप कार्यक्रमलाई बिशेष प्रथमिकता दिइ पूर्णखोप दिगोपना तथा सुनिश्चितता लाई निरन्तरता दिइने छ ।
- आमा सुरक्षा कार्यक्रमलाई बिशेष प्राथमिकतामा राखी संचालनमा रहेको उपमेयर कोशेली सेवा कार्यक्रमलाई थप परिस्कृत गरि निरन्तरता दिदै पूर्ण संस्थागत सुत्केरी वडा क्रमश घोषणा गरिदै लगिने छ ।
- स्वर्गद्धारी नगरपालिका भित्रका आर्थिकरुपले बिपन्न नागरिकहरुको संस्थागत डेलीभरीकालागि लाग्ने एम्बुलेन्स भाडा निशुल्क गर्ने नितिलाई निरन्तरता प्रदान गरिने छ ।
- मधुमेह, मृगौंला रोग, उच्च रक्तचाप आदि नसर्ने दिर्घ रोगहरु र औंलो, डेङ्गु, क्षयरोग , कुष्ठरोग जस्ता सरुवा रोगहरुको समयमै पहिचान गरि उपचारमा ल्याउन सवै स्वास्थ्य सस्थाहरुमै जाँच गर्ने व्यवस्थालाई निरन्तरता दिइने छ ।
- ७५ वर्ष भन्दा माथिल्लो उमेरका जेष्ठ बुवाआमाहरुलाई घरमै गई स्वास्थ्य उपचार गर्ने कार्यक्रमलाई निरन्तरता दिइने छ ।
- यस पालिकामा औषधि सेवन गरिरहने एचआइभि संक्रमित ब्यक्तिहरुलाई पोषण तथा यातयात स्वरुप मासिक रुपमा भत्ता उपलब्ध गराइने कार्यक्रमलाई निरन्तरता दिईने छ ।
- महामारी रोगबाट जनतालाई जोगाउन पूर्व सावधानी र संरक्षणमा आवश्यक व्यवस्थागरिनेछ ।

- योग तथा आयुर्वेद उपचार पद्धतीलाई जोड दिइनेछ। नगरभित्र रहेका जडिबुटीको पहिचान गरी त्यसको उचित उपयोग गर्न आवश्यक कदम चालिनेछ। आयूर्वेद औषधालयको विस्तार गर्दै लगिने छ।
- जिवन शैली परिवर्तन गर्न एक वडा एक योग कक्षाहरु सञ्चालन गरिने छ।
- यस नगरमा रहेको प्राथमिक स्वास्थ्य केन्द्रलाई सेवा र सुविधामा वृद्धि गरि १५ सैयाको अत्याधुनीक र सुविधा सम्पन्न अस्पताल निर्माण कार्य प्रकृया लाई द्रुतता दिइने छ।
- हाल संचालनमा रहेका स्वास्थ्य संस्थाहरुबाट हुने सेवाप्रवाहलाइ छिटो छरितो र गुणस्तरिय वनाउन आवश्यक पूर्बाधार, जनशक्ति,औजार उपकरण आदिको ब्यबस्था गरिने छ।
- सरकारवाट उपलव्ध गराउदै आएका निशुल्क औषधीहरु सवै स्वास्थ्य संस्थाहरुमा अभाव हुन नदिन आबश्यक बजेट बिनियोजन गरिने छ।
- सुर्तिजन्य तथा मदिराजन्य पदार्थको प्रयोगलाई नियन्त्रण गर्न सचेतना अभिबृद्धि लगायतका कार्यक्रम संचालन गरिनेछ।
- स्वास्थ्य प्रबर्धनकालागि ३ स अभियानलाई निरन्तरता दिदै समुदायको साथै विद्यालय स्तरसम्म पुराइने छ।
- दिर्घरोगिहरुलाई प्रदान गरिदै आएको उपचार खर्च रकमलाई निरन्तरता दिइने छ।
- यस पालिकमा बसोबास गर्ने ६० वर्ष माथिका आर्थिक रुपले जेष्ठ नागरिक तथा महिला स्वास्थ्य स्वयम सेविकाहरुलाई निःशुल्क आँखाउपचारको लागी बजेट ब्यबस्था गरिएको छ।
- स्वास्थ्य बिमा कार्यकमलाई ब्यबस्थित रुपमा संचालन गरिने छ।
- मानसिक स्वास्थ्य परामर्श सेवा तथा मानसिक रोगिहरुको निःशुल्क उपचारका लागि व्यवस्था मिलाइने छ।
- स्वर्गद्वारी नगरपालिकाका नागरिकहरुलाई उचित स्वास्थ्य चेक जाँचका गर्ने व्यवस्थापन गरिनेछ।

- यस पालिकाको रोगि विरामीहरुको सम्पूर्ण अभिलेख राख्ने र अस्पताल आइडी निर्माणको कार्यलाई थप तिव्रता प्रदान गरिने छ।
- नगर भित्रका अति विपन्न महिलाहरुको नि:शुल्क स्वास्थ्य विमाको व्यवस्था गरिने छ ।
- संकास्पद पाठेघरका विरामी महिलाहरुलाई अस्पताल सम्म पुराई रोग निदान गर्ने तथा स्वास्थ्य विमाको दायरामा लिने र निजहरुले प्राप्त गर्न सक्ने आर्थिक सहयोगहरुको सुनिश्चतता गरिने छ ।
- पाठेघर खसेका महिलाहरुको सल्यक्रिया उपचारको लागि सम्वन्धीत अस्पताल सम्म पुराउन यातायातको व्यवस्था गरिने छ ।
- सबै किसिमका क्यान्सर रोगी, मुटुको भल्व फेरेका विरामी र मृगौंला डायलाइसिस वा प्रत्यारोपण गरेका दिर्घ रोगिहरुका लागि नि:शुल्क बिमाको व्यवस्था गरिने छ ।
- सर्ने तथा नसर्ने रोगहरुको रोकथाम र नियन्त्रणका लागि विद्यालय स्वास्थ्य शिक्षा प्रदान गरिने छ ।
- सर्पदंश उपचार केन्द्रलाई सञ्चालनमा ल्याइने छ ।

**महिला,वालवालिका जेष्ठ नागरिक,अपाङ्ग र दलित तथा जनजाती**

## १. महिला विकास तर्फ

- लैंगिक हिंसामुक्त नगर बनाउन आवश्यक प्रवर्धनात्मक, उपचारात्मक र निरोधात्मक उपायहरु अवलम्बन गरिनेछ ।
- महिला माथि हुने सबै प्रकारका घरेलु तथा अन्य हिंसाको अन्त्य गर्न आवश्यक कार्यक्रम संचालन गरिनेछ ।
- महिला सहकारी संस्थाहरुलाई अन्तरक्रिया तथा अभिमुखीकरण कार्यक्रम संचालन गरिनेछ ।
- लैंगिक उत्तरदायी बजेट निर्माण गरि सबै लक्षित बर्गहरुमा कार्यक्रम संचालन गरिनेछ ।

- महिलाको क्षेत्रमा गरिने लगानी बृद्धि गर्दै लगिनेछ । महिलालाई रोजगारिमा प्राथमिकता दिइनेछ ।
- बिपन्न तथा गरिव परिवारका घरगृहणी महिलाको क्षमता बृद्धि गर्ने कार्यक्रम संचालन गरिनेछ ।
- महिला उधमीलाइ बिशेष प्रोत्शाहन कार्यक्रम संचालन गरिने छ ।
- एकल महिलाहरुलाई आत्मनिर्भर बनाउनको लागि क्षमता बिकाश तथा सिप विकास तालिम, प्रोत्शाहन कार्यक्रम संचालन गरिने छ ।
- लैगिक हिंसा विरुद्धको १६ दिने अभियान, अन्तराष्ट्रिय नारी दिवस जस्ता कार्यक्रमहरुलाई निरन्तरता दिदै थप प्रभावकारी वनाइने छ ।
- कम्तीमा १२ वर्ष सम्म श्रीमान बेपत्ता भएका एकल महिलाहरुलाई सामाजिक सुरक्षा भत्ताको व्यवस्था गरिने छ ।

## २. बालबालीका तर्फ

- नगर तथा वडास्तरमा बालक्लब, बालसंजाल र बाल संरक्षण समितिलाइ थप सक्रिय बनाइने छ ।
- नगरस्तरीय बाल संजालको सहकार्यमा बालबालिका सम्बन्धि बालबिवाह अन्त्य गर्न बिशेष पहल गरिने छ ।
- सबै प्रकारको बाल हिंसा तथा वाल श्रमको निवारण गर्न आवश्यक कार्यक्रम संचालन गरिनेछ ।
- गरिव परिवारका बिद्यार्थीहरुलाई छनौट गरि आवश्यक स्टेसनरी सामग्री वितरण गरिने छ ।
- वाल श्रम निवारण सम्वन्धी होटल व्यवसायी, प्रहरी, जनप्रतिनिधि, कर्मचारी, समाजसेवी लगायतका सरोकारवालाहरु संग जन चेतना मुलक कार्यक्रम गरिने छ ।
- वाल श्रम र वाल विभाह निगरानीका लागि पालिकाको मुख्य मुख्य बजार अनुगमन गरिने छ ।
- आगामी २०८४ साल सम्म वालमैत्री नगर घोषणा गर्ने गरि कार्यक्रम अगाडि वढाइने छ ।
- बालवालीकाको क्षमता विकासको लागि बाल उद्यानहरु निर्माण गरिनेछ ।

## फरक क्षमता भएका व्यक्ति तफः

- नगरभित्र बन्ने सबै सार्वजनिक निर्माणका संरचनाहरुलाई अपांगमैत्री बनाउन नीति लिइनेछ ।
- गरिव परिवारका अपांगताहरुलाई सहायता सामग्री वितरण गरिने छ ।
- अपांगको सीप र क्षमता विकास गर्न सीपमुलक तालिम संचालन गरिनेछ ।
- अपांगहरुको परिचयपत्र वितरणको कार्यलाई थप व्यवस्थित *गरिनेछ* ।
- अपांगहरुलाई रोजगार दिने खाले कार्यक्रमलाई निरन्तरता दिइने छ ।

**जेष्ठ नागरिक**

- जेष्ठ नागरिक सञ्जाल थप व्यवस्थापन गरिनेछ ।
- जेष्ठ नागरिक परिचय पत्र वितरणलाइ थप व्यवस्थापन गरिनेछ ।
- जेष्ठ नागरिकहरुको आत्मसम्मान बढाउने कार्यक्रमहरु सञ्चालन गरि जेष्ठ नागरिक सम्मान कार्यक्रम संचालन गरिने छ ।
- जेष्ठ नागरिकको सीप युवा पुस्तालाई हस्तान्तरण गर्न आवश्यक कार्यक्रम संचालन गरिनेछ ।
- जेष्ठ नागरिक भवन (दिवा सेवा केन्द्र) व्यवस्थित रुपमा सञ्चालनमा लिइने छ ।
- जेष्ठ नागरकको निशुल्क स्वास्थ्य परिक्षणको व्यवस्था मिलाइने छ ।
- *उत्कृष्ट जेष्ठ नागरिक स्यार कर्तालाई जेष्ठ नागरिक दिवसको अवसरमा पुरस्कार प्रदान गरिने छ ।*
- *मासिक रुपमा जेष्ठ नागरिक भेतघाट तथा भलाकुसारी कार्यक्रम सञ्चालन गरिने छ ।*

**दलिद तथा जनजाती तर्फ**

- दलिद सचेतना तथा छुवाछुद अन्त्य गर्नका लागि जातीय भेदभाब बिरुद्दका सचेतना मुलक कार्यक्रम संचालन गरिने छ ।
- वडा तथा नगरस्तरमा दलिदत संजाल गठन गरिने छ ।
- जनजातीहरुका मुख्य चाडपर्व तथा भेषभुषाहरुलाई निरन्तरता दिन लोक सस्कृतीक कार्यक्रम संचालन गरिने छ ।

- वडा तथा नगरस्तरमा जनजाती संजाल गठन गरि संजालका सहकार्यमा कार्यक्रम संचालन गरिनेछ ।

## सामाजिक सुरक्षा/व्यक्तिगत घटना दर्ता

- आधुनिक प्रविधिमैत्री सामाजिक सुरक्षा र व्यक्तिगत घटना दर्ता अभिलेख व्यवस्थापनलाई अझ प्रभावकारी बनाउदै लगिनेछ ।
- व्यक्तिगत घटना दर्ताको महत्व जनस्तरमा पुऱ्याउन आवश्यक कार्यक्रम संचालन गरिनेछ ।
- व्यक्तिगत घटना दर्तालाई विद्युतिय माध्यमवाट व्यवस्थापनलाई अझ व्यवस्थित गरिने छ ।
- *राष्ट्रिय परिचय पत्र अन्लाईन दर्ताको कार्यलाई वडा स्तरमा पुऱ्याईने छ ।*

## गैर सरकारी संस्था तर्फ

- नगरपालिका र गै.स.स.को समन्वय र साझेदारीमा सामाजिक परिचालन कार्यक्रम संचालन गरि सामाजिक परिचालन कार्यलाई अरु बढि मजबुद र विश्वासनिय बनाईने छ ।
- विकासका गतिविधिहरुलाई थप प्रभावकारी बनाउन सामाजिक परिचालन कार्यमा गैर सरकारी क्षेत्रको क्षमतालाई प्रयोग गरिने छ ।
- सम्पुर्ण गैर सरकारी संस्थाहरुको कार्यक्रमलाई नगरपालिकाको मातहतमा ल्याई एक द्वार (One Door Policy) प्रणाली अन्तर्गत सञ्चालन गरिने छ ।
- गरिवी निवारण कोष सन्चालन भएका संजालहरुलाइ थप व्यवस्थित गरिदै लगिने छ ।

## पछाडी पारिएका बर्ग, दलित, आदिबासी जनजाती तर्फ :

- पिछडिएका वर्ग दलित आदिबासी जनजातीको हकहितको संरक्षण शसक्तिकरण गर्न नगरका सबै क्षेत्रमा पहुँच बृद्धि गर्दै लगिनेछ ।
- आदिबासी जनजातीको भाषा, धर्म संस्कृतिको संरक्षण, प्रचार प्रसार गर्न आवश्यक कार्यक्रम संचालन गरिनेछ ।
- दलित तथा पिछडिएका वर्गको परम्परागत पेशालाई संरक्षण गर्दै आधुनिक तथा व्यवसायीक बनाई आत्मनिर्भर गराइनेछ ।

- यस नगरपालिका भित्र रहेका विभिन्न जातजातिको भाषा संस्कृतिको संरक्षण तथा प्रबर्धन गरिने छ ।

## पूर्वाधार विकास क्षेत्र तर्फ :

१. नगरकेन्द्र र वडा केन्द्र जोड्ने सडकहरु स्तरोन्नती गरिनेछ। प्रयावरणिय क्षेतिलाई ध्यान दिदै नयाँ बाटो खोल्ने कार्य क्रमशः न्यूनिकरण गरिदै लगिने छ। आगामी ३ बर्ष भित्र सबै वार्ड कार्यालयहरु जोड्ने सडक स्तरन्नोती गरि बाह्रैं महिना चल्ने गराइने छ ।

२. धार्मिक तथा पर्यटकिय क्षेत्रसम्म जाने बाटोलाई पहिलो प्राथमिकता दिईनेछ ।

३. नगरसँग जोडिएको अर्को स्थानीय तह जोड्ने सडक निर्माणलाई प्राथमिकता दिईनेछ।

४. प्रमुख सडकहरुको क्रमिक रुपमा नामाकरण गरि लगत कट्टा गरिनेछ।

५.नगरका गौरव आयोजनाहरु छनौट गरि निर्माणका लागि गुरुयोजना तयार गरी प्रदेश, केन्द्र सरकार तथा नीजि क्षेत्रसँग सहकार्य एवं समन्वय गरि संचालन गरिनेछ।

६. आफ्नो भवन नभएका वडा कार्यालय भवन निर्माण कार्यलाई अगाडी बढाइने छ ।

७.योजना कार्यान्वयन कार्यतालिका बनाई लागु गरिनेछ।

८. आगामी असोज सम्म घर नक्सा अभिलेखिकरण गर्न मुख्य सडकहरुका वस्तीहरुमा अभियान सञ्चालन गरिने छ । तत् पश्चात घर नक्सा अभिलेखिकरणको कार्य रोकि भवन निर्माण मापदण्डलाई कडाइका साथ लागु गर्न अनिवार्य रुपमा नक्सापास गर्नुपर्ने व्यवस्था मिलाईनेछ ।

९.नगर क्षेत्र पुर्वाधार साझेदारी कार्यक्रम सञ्चालन गरि नगरको विकासमा जनताको प्रत्यक्ष सहभागिताको सुनिश्चित गरिने छ।

१०. नगरको छुट्टै भु उपयोग नीति बनाई लागु गरिने छ।

११. एकिकृत वस्ती विकासको नीति लिइने छ।

१२. नमुना ( नयाँ ) शहर कार्यक्रम अन्तरगत यस नगरका समथर भू-भागका सडकहरुको स्तरउन्नती गर्नको लागि उक्त कार्यक्रमसँग समन्वय एवं सहकार्य गरिनेछ।

१३. नगरपालिका भित्र औद्योगिक ग्राम निर्माण कार्यलाई तिव्रता प्रदान गरिनेछ ।

१४. १५ सैया अस्पताल निर्माण कार्यलाई तिव्रता प्रदान गरिने छ।

१५. नगरपालिकाको पन्च बर्षे योजना (आवधिक योजना) तथा त्रिवर्षिय योजना (मध्यम कालिन खर्च संरचना) बनाई लागु गरिने छ ।

१६. जनता संग मेयर उपमेयर कार्यक्रमलाइ थप व्यवस्थित गरिदै लगिने छ ।

१७. टोल विकास संस्था गठन तथा परिचालन गरिने छ ।

१८. जिर्ण भवन स्वास्थ्य भवन मर्मत/निर्माण कार्यलाई अगाडी बढाइने छ ।

१९. निर्माण भएका सरकारी भवनहरुको मर्मत संभार गरिने छ।

२०. आयोजनाहरुको मर्मत संभार कोषको सुनिश्चतताको लागि पाँच लाख भन्दा माथिका सवै आयोजनाहरुबाट २ प्रतिशत मर्मत संभार कोषका लागि काटिने छ।

२१.सडकमा हुने दुर्घटना न्युनिकरण गर्न र सडक सुरक्षाका लागि ६०/४० प्रतिशतको लागत साझेदारीमा पालिकाका मुख्य सडकहरु तथा प्रत्येक वडा कार्यालय, विद्यालय र स्वास्थ्य सस्थाहरुमा सडक वत्ती जडान गरिदै लगिने छ ।

२२. खरको छाना रहित नगरपालिका घोषणा आगामी आ.व. मा गरिने छ।

२३. पुर्ण उज्यालो नगरपालिका घोषणा आगामी आ.व. मा गरिने छ।

**सिचाई तथा खानेपानी तर्फ**

- नगरभित्रका सबै खानेपानीका मुहान संरक्षण गर्न विशेष अभियान संचालन गरिनेछ। खानेपानीको स्रोत बचाउन उपयुक्त स्थानमा रिचार्ज पोखरी निर्माण गरिनेछ । एक वडा एक रिचार्ज पोखरी अभियानलाइ निरन्तरता दिइने छ ।
- प्रत्येक घरमा स्वच्छ सफा र शुद्ध खानेपानीको व्यवस्था मिलाइनेछ । साथै एक घर एक धाराको अभियानलाई निरन्तरता दिइने छ।
- नगरभित्रका सबै खानेपानीको गुणस्तर परिक्षण गरी गुणस्तरीय खानेपानीमा जनतालाई आश्वस्थ गरिनेछ।
- शहरका मुख्य स्थानमा स्वच्छ खानेपानी र सार्वजनिक शौचालयको व्यवस्था मिलाइनेछ ।

- खानेपानी तथा सरसफाई सम्वन्धी कार्य योजना वास पलान निर्माण गरि कार्यान्वयन गरिनेछ ।
- खेतियोग्य जमिनमा सिचाईको प्रयाप्त उपलब्धता _लागि बैकल्पीक प्रविधिको उपयोग गरिने छ ।
- लुङ्ग्री माडी सिचाई आयोजनालाई निरन्तरता दिन आवश्यक पहल गरिने छ ।

## वन वातावरण, विपद तथा फोहर मैला व्यवस्थापन तर्फ :

- प्रत्येक वडामा ल्याण्ड फिल्ड साइटको निर्माण गरिने छ ।
- सरसफाई गुरुयोजना निर्माण गरिने छ ।
- सरसफाई अभियान सञ्चालन गरिने छ ।
- कुहिने र नकुहिने फोहरलाई घरमै वर्गिकरण गर्न सचेतना कार्यक्रम सञ्चालन गरिने छ ।
- वन क्षेत्रहरुमा हुने डढेलो नियन्त्रण गर्न सचेता कार्यक्रम सञ्चालन गरिने छ ।
- पहिरोवाट जोखिमयुक्त स्थानहरुमा वृक्ष रोपण कार्यक्रम सञ्चालन गरिने छ ।
- नर्शरी व्यवस्थापन को लागि वन डिभिजन कार्यालय संग समन्वय गरि कार्यक्रम सञ्चालन गरिने छ ।
- विपद पूर्व तयारी तथा द्रुत प्रतिकार्य कार्य योजना वनाई लागु गरिने छ ।
- वडा नं. ३ लाई श्रीखण्ड पकेट वडाको रुपमा अगाडी बढाइने छ ।

## वित्तिय व्यवस्थापन र राजश्व परिचालन तर्फ

- नगरपालिकालाई संविधानतः प्राप्त भएको राजश्व संकलनका समग्र क्षेत्रलाई समेटेर राजश्व सम्बन्धि बृहत अध्ययन अनुसन्धान प्रतिवेदन तयार गरी आयका क्षेत्रहरु पहिचान गरिनेछ ।

- नगरको राजश्व संकलनको यथार्थ स्थिती र राजश्व संकलनको सम्भाव्यता अध्ययन गरि सरल कर प्रणालीको विकास गरिनेछ ।
- व्यवसाय कर स्थलगत रुपमा संकलन गरि बक्यौता असुली प्रकृयालाई अगाडी वढाइनेछ । राजश्व परिचालनको क्षेत्रमा कर्मचारी खटाई विशेष प्रोत्साहन कार्यक्रम ल्याईनेछ ।
- राजश्व संकलन प्रकृयालाई वडातहमा संस्थागत गर्न यसै आर्थिक बर्ष भित्र नगरको राजश्व संकलनको यथार्थ स्थिती र राजश्व संकलनको सम्भाव्यता अध्ययन गरि सरल कर प्रणालीको विकास गरिनेछ ।
- राजश्व संकलन प्रकृयालाई अनलाइन मार्फत करदाताले आफ्नै फोनबाट कर तिर्न सक्ने प्रणालीको बिकास गरी छिटो, छरितो र चुस्त दुरुस्त रुपमा सेवा प्रवाह कार्यलाई निरन्तरता दिइनेछ ।
- वित्तीय सुशासन कायम गरिने छ ।
- राजश्व सुधार कार्य योजना लागु गरिने छ ।

**संस्थागत सेवा प्रवाह र सुशासन तर्फ**

- संविधानतः स्थानीय तहको सरकारको जिम्मेवारी सम्पादन गर्न आवश्यक संस्थागत संरचना, जनशक्ति व्यवस्थापन तथा समायोजन नयाँ प्रक्रिया अवस्थामा तदर्थ व्यवस्थापन अन्तर्गत आवश्यकताको आधारमा नगरकार्यपालिका, वडा कार्यालय लगायतका बिषयमा शाखाको तहगत जिम्मेवारी बाँडफाँडको व्यवस्थालाई निरन्तरता दिईनेछ ।
- सबै वडामा सुविधा सम्पन्न वडा कार्यालयहरुको व्यवस्थापन गर्ने सन्दर्भमा क्रमशः वडा कार्यालयहरुको नयाँ भवन निर्माण गर्ने कार्यलाई निरन्तरता दिईनेछ ।
- कर्मचारीहरुलाई आवश्यक तालिम, प्रशिक्षणको माध्यमबाट मानव संशाधन विकास एवं क्षमता अभिबृद्धि गरी नागरिक प्रति सेवामुखी एवं जवाफदेही बनाउँदै लगिनेछ ।
- कर्मचारीहरुलाई आवश्यकता अनुसार क्षमता अभिवृद्धी, उत्प्रेरित गर्नुको साथै अतिरिक्त कामको र पारिश्रमिकको व्यवस्था समेत गरिनेछ ।

- नगरवासीहरुको गुनासालाई वडा स्तरमा वडा सचिव र नगरस्तरमा गुनासो सुन्ने अधिकृत स्तरको कर्मचारी खटाईने छ ।
- स्थानीय तहका विवादहरु स्थानीय तहमा नै समाधानका लागि बैकल्पिक व्यवस्थापनको रुपमा संचालनमा आएको मेलमिलाप पद्धतिलाई नगरपालिकाको न्यायिक समितिबाट सम्पादन हुने काममा आवद्ध गरी थप प्रभावकारी बनाईनेछ ।
- परिमार्जित नागरिक वडा पत्र लागु गरि सेवाग्राहीहरुलाई उत्कृष्ट सेवा प्रदान गरि "**मुस्कान सहितको सेवा** "भन्ने अभियान सञ्चालन गरिनेछ ।
- प्रविधीमैत्री सेवा प्रवाहलाई अवलम्बन गरिनेछ ।
- सार्वजनिक महत्वको सूचना उपलब्ध गराउन नागरिक सूचनाको हकलाई पूर्ण रुपमा प्रचलनमा ल्याईने छ ।
- स्थानीय तह गठन भएको दिनलाई स्थानीय दिवसको रुपमा मनाईनेछ ।
- आम नगरबासीहरुको सूचनाको हकलाई उच्च प्राथमिकता दिँदै नगरपालिका क्षेत्रमा संचालन गरिने विकास र सुशासनका गतिविधीलाई नियमित रुपमा नगरवासी समक्ष पुऱ्याउन एवं समग्र नगर विकास प्रक्रियामा आवश्यक सल्लाह सुझाव र प्रतिक्रिया प्राप्त गर्न सवैको पहुँच पुगोस भन्ने अभिप्रायले स्थानीय एफ.एम. रेडीयो मार्फत स्वर्गद्धारी नगर आवाज रेडियो कार्यक्रम नियमीत प्रशारणको व्यवस्था मिलाईनेछ ।
- नगर कार्यपालिकाको क्रियाकलापलाई पारदर्शी, जवाफदेही, उत्तरदायि र मितव्ययी बनाउन नियमित रुपमा सार्वजनिक सुनुवाई, सामाजिक परिक्षण, सार्वजनिक परिक्षण, खर्च सार्वजनिकरण जस्ता विधि र प्रकृयालाई नियमित बनाईनेछ ।
- आर्थिक बर्षको अन्तिम तीन महिनामा बार्षिक कार्यक्रम संशोधन गर्ने र विनियोजित बजेटको ५० प्रतिशत भन्दा बढि खर्च गर्ने प्रबृत्तिमा निरुत्साहित गरिनेछ ।
- नगरसभामा बार्षिक बजेट प्रस्तुतिसँगै बार्षिक खरिद योजना तयारीलाई अनिवार्य गरिनेछ

- खरिद कार्यमा हुन सक्ने अनियमितता र गुणस्तरहिनता को अत्य गर्न सार्वजनिक खरिद नियमावली अनुसारका व्यवस्थाहरुलाई कडाईको साथ लागु गरिने  छ ।
- नगर स्तरका योजना, कार्यक्रम तथा सम्पूण आर्थिक गतिविधिहरुमा निगरानी, पार्दशिता तथा शुसासन कायम गर्न नगरस्तरीय लेखा समितिको व्यवस्था गरिने छ ।
- विकास योजनाहरुको ठेक्कापट्टा तथा सम्झौता निर्धारित समय भित्रै गरिने साथै बिद्युतीय बोलपत्रलाई पूर्ण रुपमा प्रयोग गरिनेछ ।
- बेरुजु नियन्त्रण गर्न आन्तरिक लेखापरीक्षण शाखा र कर्मचारीको व्यवस्था गरिनुको साथै लेखा उत्तरदायी अधिकारीलाई जिम्मेवार तुल्याइनेछ ।
- गत आर्थिक बर्षका बेरुजुहरु क्रमशः फर्छ्यौट गर्दै लगिने छ । नगरपालिकाबाट असुल गर्नुपर्ने बेरुजुको बजेटमा नै व्यवस्था गरिने तथा अन्य संस्था, निकाय, व्यक्तिबाट असुल गर्नुपर्ने बेरुजु कडाईका साथ असुल गर्ने र नयाँ बेरुजु हुने अवस्थालाई निरुत्साहित गरि शुन्य बेरुजुको अवधारणा लागु गरि आर्थिक अनुशासन कायम गरिनेछ
- भष्ट्राचार विरुद्ध शुन्य सहनशीलताको नीति अवलम्बन गर्दै भष्ट्राचार गरेको पाईएमा नियमानुसार कडा भन्दा कडा कारवाही गरिनेछ ।
- न्यायिक समितिबाट सम्पादन हुने कार्यहरुलाई क्रमश डिजिटल रुपमा परिवर्तन गरिदै लगिने छ ।
- शहिद परिवार सम्मान कार्यक्रम लागु गरिने छ ।
- कर्मचारी कल्याण कोष लाइ निरन्तरता दिदै लगिने छ ।
- वडा स्तरीय आयोजनाको अनुगमन तथा मूल्यांकन वडा अनुगमन समितिले र नगरस्तरीय योजनाको अनुगमन तथा मूल्यांकन नगर स्तरिय अनुगमन समितिबाट गरिनेछ ।
- नगरपालिकाको गरिमामय अभियानहरु खुल्ला दिशामुक्त अभियान, पूर्ण साक्षर अभियान, पूर्ण खोपयुक्त/बालमैत्री अभियान, बातावरणमैत्री वडा घोषणा अभियान पूर्ण सरसफाइ अभियान, भान्सा भित्रको धुवाँ मुक्त अभियानलाई थप प्रभावकारी र पूर्ण रुपमा नियमन गर्न अनुगमन समिति गठन गराई नियमित अनुगमन गरिनेछ ।

- नगरकार्यपालिका अन्तरर्गतमा रहेका मर्मत सम्भारकोष, विपद व्यवस्थापन कोष, कर्मचारी कल्याणकारी कोषहरुको परिचालनका लागि आवश्यक कार्यविधी बनाईनेछ भने तयार भैसकेका ऐन, कानून, नियमावली तथा निर्देशिकाहरुलाई समयानुकुल संशोधन गरिने छ ।
- नगरक्षेत्र भित्र संचालन हुने तालिम कार्यक्रम, अभिमुखीकरण तथा क्षमता विकास कार्यक्रम, अनुगमन तथा मूल्यांकन कार्यक्रम, प्राविधिक कर्मचारीहरुको फिल्ड भत्ता, पदाधिकारी तथा कर्मचारीहरुको बैठक भत्ता लगायतका अन्य भत्ताहरुका लागि खर्च संचालन निर्देशिका बमोजिम एक रुपता कायम गरिनेछ
- नगरपालिकाका राष्ट्रसेवकहरुको कार्य प्रेरणाका लागि सुपरिवेक्षकबाट नियन्त्रित हुने गरी मासिक रुपमा प्रोत्साहन स्वरुप अतिरिक्त समय समर्पण भत्ता उपलब्ध गराईनेछ ।
- सुशासन स्थापनाको लागि आवश्यक कानून, नियम, विनियमावली, कार्यविधि आदिको निर्माण गरि आन्तरिक नियन्त्रण प्रणाली लागु गरिने छ ।
- कर्मचारी दरवन्दी सर्वेक्षण प्रतिवेदन २०८० स्विकृत गरि सोहि अनुसारका शाखाहरुमा जनशक्ती व्यवस्था गरिने छ ।
- नगरस्तरीय प्रोफाईल तयार गरिने छ ।
- नयाँ शहर आयोजनाको कार्यालय स्थापनाको लागि आवश्यक पहल गरिनेछ ।
- प्रत्येक वडाहरुमा मेलमिलाप केन्द्र गठन गरिनेछ ।
- उत्कृष्ट करदाता, उत्कृष्ट उपभोक्ता समितिहरुलाई पुरसकृत गरिने छ ।

**सूचना तथा प्रविधि तर्फ :**

- नगरपालिकाका सबै सूचनालाई वेबसाइट मार्फत प्रकाशन गरी सूचनामा नागरिकको पहुँच बढाइनेछ
- नगरपालिका क्षेत्रभित्रका रेडियो पत्रपत्रिकाको प्रवर्धन गर्न आवश्यक कार्यक्रम संचालन गरिनेछ ।

- नगरपालिकाको विकास प्रबर्धनमा योगदान पुऱ्याउने संचार माध्यम र संचार कर्मीलाई पुरस्कृत गर्दै लगिनेछ
- सूचना प्रविधियुक्तपार्क जिमुरपाटामा सुचनाहरुको भण्डारण र प्रर्दशन हुने गरि व्यवस्था मिलाईने छ ।
- नगरपालिकाका सबै अभिलेखलाई क्रमशः डिजीटलाईट गर्दै लगिनेछ ।
- प्रविधि मैत्री सेवा प्रवाहलाई अवलम्बन गर्दै लगिनेछ ।
- सेवा प्रबाहमा पारदर्शिता, कायम गर्न नागरिक सुनुवाई, सार्वजनिक सुनुवाइ, जनता संग मेयर _उपमेयर कार्यक्रमलाइ थप प्रभाबकारी रुपमा संचालन गरिनेछ ।
- स्वर्गद्धारी नगरपालिकाका विकास गतिविधि सेवा प्रवाह लगायतका बिषयहरु समेटि हरेक ३ महिनामा स्वर्गद्धारी मुखपत्र प्रकाशित गरिने छ ।
- सवै वडाहरु स्वस्थ्य संस्था र मा.वि.विद्यालयहरुमा अप्टिकल फाईबर सहितको उच्च गतिको ईन्टरनेट पुऱ्याइ सकेको छ साथै आगामी आव देखि क्रमश बाकी बिद्यालयहरुमा अप्टिकल फाईबर सहितको उच्च गतिको ईन्टरनेट नेपाल दुरसञ्चार प्राधिकरणसँग साझेदारी गरि योजना कार्यान्वयन गरिनेछ ।
- नगरपालिकाका सवै शाखा तथा जनप्रतिनिधिहरुलाई एकै साथ सूचना प्रवाह हुने गरी "ई-सम्पर्क" को विकास गरिनेछ । सो को लागि जनप्रतिनिधि र कर्मचारी सवैलाई सूचना प्रविधिमैत्री गराईनेछ ।
- नगरपालिकाको वेवसाईट, मोवाईल एप्स, एस.एम.एस. प्रणाली, फेसबुक पेज, ट्वीटर पेजलाई प्रभावकारी रुपमा संचालन गरी तत्काल सुझाव लिन र दिन मिल्ने पद्धतिको विकास गरिनेछ ।
- नगरपालिकामा विद्युतिय सुशासनलाई आवश्यक पूर्वाधार, सूचना तथा प्रविधि कक्षलाई पूर्ण रुपमा आधुनिक बनाईनेछ ।
- सवै वडा कार्यालयमा CCTV जडान तथा हेल्पडेस्क स्थापना गरि सेवाग्राहीमैत्री कार्यालयको रुपमा विकास गरिनेछ ।

- प्रत्येक सेवाग्राहीले कर तथा शुल्क तिरेको विवरण तत्कालै एस.एम.एस. बाट दिने प्रणाली लागु गरिनेछ
- अनलाईन कर तिर्ने प्रणाली (Online app) को लागि आश्यक थालनी गरिनेछ ।
- घर नक्शा पास गर्ने प्रणालीलाई डिजिटल प्रणालीमा लगिनेछ ।
- नगरपालिकाका सवै पुराना तथा महत्वपूर्ण कागजातहरुलाई Digitalized गरि व्यवस्थित गरिनेछ
- नगरपालिका भित्रका सवै विद्यालयहरुमा अध्ययनरत विद्यार्थीहरुलाई लक्षित गरि समय समयमा विषयगत विज्ञ शिक्षकहरुबाट अनलाईनको माध्यमबाट विशेष कक्षा संचालन गर्ने व्यवस्था मिलाईनेछ ।
- सबै वडा कार्यालयहरुमा बैकल्पिक विद्युतको व्यवस्था गरिने छ ।

**आदरणीय नगर सभा सदस्यज्यूहरु,**

सीमित श्रोत साधनले असिमित माग र बढ्दो आकांक्षा एकै पटक सम्बोधन गर्न नसकिने यथार्थतामा नगरपालिकालाई नेपाल सरकार, प्रदेस सरकार, दातृ निकाय, विभिन्न संघ संस्थाबाट प्राप्त हुने शसर्त तथा निशर्त अनुदान, विषेश अनुदान, लागत साझेदारी अनुदान, ऋण तथा आन्तरिक आय एवं लागत सहभागीताको दायरा समेत मूल्यांकन गरि निति तथा कार्यक्रम सहितको बजेट तर्जुमा गरिएको छ ।

**आदरणीय नगरसभा सदस्यज्युहरु,**

यस सम्मानित सभामा उपस्थित हुनु भएका नगर सभा सदस्य ज्यूहरुबाट प्रभावकारी कार्यान्वयनका लागि सल्लाह र सुझावको अपेक्षा गरेको छु । नगरपालिकाको श्रोत क्षमता भित्रका आयोजनाहरुलाई यस बर्षको नगरसभा, वडा सभा, विषयगत समितिमा व्यापक छलफल गरी सन्तुलित र दीगो बनाउने प्रयास गरिएको छ । नगरपालिकाको उपलव्ध श्रोत र साधनले धान्न नसकेका योजनाहरुलाई क्रमश प्रदेश र केन्द्र सरकार समक्ष अनुरोध गर्ने निर्णय गरिएको छ ।

कुनै एक क्षेत्रको विकासले मात्रै समग्र नगरको सन्तुलित विकास हुन नसक्ने वस्तुगत तथ्यलाई मनन गर्दै, योजना तथा कार्यक्रम तय गर्दा सवै क्षेत्रलाई

समेटने प्रयास गरिएको छ । यसवाट सवै क्षेत्रको सन्तुलित विकासमा टेवा पुग्न जाने विश्वास लिएका छौं भने अर्को तर्फ सिमित श्रोत र साधनलाई परिचालन गर्नुपर्दा श्रोत छरिन गएको भन्ने आलोचनावाट मुक्त हुन पनि आगामी दिनमा थप श्रोत पहिचान र परिचालनलाई ध्यान पुर्‍याउनु जरुरी देखिएको छ । योजना तर्जुमा गर्नु मात्र महत्वपूर्ण विषय होइन, यसको लक्ष्य एवं उद्देश्यहरु प्राप्तीका लागि प्रभावकारी कार्यान्वयन, अनुगमन एवं मुल्यांकन जरुरी हुन्छ । यसका साथै आवश्यक क्षमता विकास, संस्थागत, नीतिगत, कार्यविधिगत सुधारका कार्यहरु समेत आवश्यक पर्न जान्छन् । यसको लागि आवश्यकतानुसार सरकारी, गैर सरकारी, नागरिक समाज, संचारकर्मी, उपभोक्ता समेतको संयुक्त सहभागितामा, सम्पादित कामको गुणस्तरको सुनिश्चितता, पारदर्शीता एवं उत्तरदायीत्व वहनमा थप टेवा पुग्ने विश्वास लिएका छौं ।

बजेट नीति तथा योजना तर्जुमाका शिलशिलामा महत्वपूर्ण योगदान पुऱ्याउनु हुने नगरसभा सदस्यज्युहरु, कार्यपालिकाका सदस्यज्युहरु, विषयगत समितिका सदस्यज्युहरु, नगरस्तरीय राजनैतिक दलका प्रतिनिधिज्यूहरु, उद्योग वाणिज्य संघका प्रतिनिधिहरु, साझेदार संस्थाहरु, गैरसरकारी संस्थाहरु, पत्रकारहरु, सामुदायिक तथा निजी क्षेत्र, सम्पूर्ण संघसंस्था लगायत योजना तर्जुमामा अहोरात्र खटिने नगरपालिकाका कर्मचारीहरुमा विशेष धन्यवाद ज्ञापन गर्दछु ।

हाम्रो आमन्त्रणलाई स्वीकार गरी आफ्नो कार्यव्यस्तताका वावजुद उपस्थित भई नगर सभाको गरिमा बढाई दिनु हुने सम्पुर्ण उपस्थित महानुभावहरुमा विशेष आभार प्रकट गर्दछु । आमा समुह, युवा समुह र उपभोक्ता समिति प्रति आफ्नो विकासमा आफै जुटनको लागि उच्च भरोसा गरिएको छ। भर्खरै मात्र पाईला टेक्दै गरेको स्थानिय सरकारले सवै विषयको समाधान एकैपटक गर्न सक्दैन। श्रोत साधन र जनशक्तिको सिमिततालाई ध्यान दिदै रचनात्मक सुझाव दिन, गलत कार्य उपर समयमै खवरदारी गर्न र राम्रा कार्यहरुलाई प्रशंसा गर्न नगरपालिकाको ढोका यहाँहरुलाई सदैव खुला रहने छ ।

नगरबासीहरुको चौतर्फी मागलाई मध्यनजर गर्दै नगरपालिकाबाट सम्बोधन हुन नसकेका योजनाहरुलाई प्रदेश स्तर र केन्द्रस्तर बाट सम्वोधन होस भन्ने

हेतुले आवश्यक पहलका लागि प्रदेश सभा सदस्य र व्यवस्थापिका संसदका माननीय सदस्यज्यू मार्फत अनुरोध गरिनेछ । यहाँहरु सवैबाट नगरको विकासको हरेक अभियानहरुमा सहभागिता, सुझाव र सहयोग निरन्तर प्राप्त हुने विश्वास लिएको छु । अन्तमा यस नीति, कार्यक्रम तथा बजेट तर्जुमा गर्न प्रत्यक्ष अप्रत्यक्ष रुपमा अमूल्य सुझाव र सहयोग उपलव्ध गराई सहयोग पुर्‍याउनु हुने सबै महानुभावहरु तथा निकायहरुमा आभार व्यक्त गर्दै हार्दिक धन्यवाद ज्ञापन गर्दछु ।

टेक प्रसाद भण्डारी

नगर प्रमुख

**धन्यवाद ।**